**बर्जु गाउँपालिका, सुनसरीद्बारा प्रकाशित**

# बर्जु राजपत्र

---

**खण्ड: २ संख्या: ८ मिति:2077/१०/१५**

---

**भाग -२**

---


## बर्जु गाउँपालिका

**नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७७

---

# बालविवाह अन्त्यका लागि रणनीति-२०७७

(बर्जु गाउँपालिकाबाट स्वीकृत मिति :२०७७/१०/१५ )

**१. परिचय :**

बालविवाह कानूनी दृष्टिकोणबाट अपराध हो भने अधिकारको दृष्टिले बालअधिकार हनन हो । कानुनले निषेध गरे पनि नेपालमा बालविवाह रोकिएको छैन । बालविवाह हुने देशहरूमा नेपाल दक्षिण एशियामा तेश्रो स्थानमा पर्दछ । बंगलादेश पहिलो र भारत दोस्रो स्थानमा छन् । यी देशहरूमा बालकको तुलनामा बढी मात्रामा बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको पाइएको युनिसेफको प्रतिवेदन २०१७ मा उल्लेख छ । यसो हुनुमा समाजमा विद्यमान लैङ्गिक विभेद, गरिबी, अशिक्षा, सामाजिक असुरक्षा, न्यून चेतनास्तर र श्रीमतीको भन्दा श्रीमानको उमेर बढी हुनुपर्ने सामाजिक मान्यता आदि कारणहरू जिम्मेवार छन् ।

नेपालको संविधान २०७२ मा बालविवाहलाई दण्डनीय अपराधको रुपमा उल्लेख गरिएको छ । बालविवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चित गराउने, आफ्नो जोडी छनोट गर्ने र विवाह सम्बन्धमा स्वतन्त्र भई निर्णय गर्न पाउने अधिकारबाट वञ्चित गर्दछ । विशेष गरी बालिकाको जीवनमा बालविवाहले बालअधिकार उल्लङ्घनको श्रृङ्खला नै सिर्जना गरी थप हिंसाको कुचक्रमा धकेल्छ । त्यसैले बालविवाह बालकका लागि भन्दा बालिकाको जीवनका लागि बढी जोखिमपूर्ण हुन्छ ।

बर्जु सुनसरी जिल्लाको दक्षिणी सिमावर्ती गाउँपालिका हो । यसको जनसंख्या ३१,१७८ जना (वि.सं. २०६८ को जनगणना) र क्षेत्रफल ६९.४३ वर्ग किलोमिटर रहेको छ । प्रशासनिक रूपमा ६ वटा वडामा विभाजित छ । दक्षिणी सिमाना भारतको विहार प्रान्तसँग जोडिएको बर्जु सुनसरीको दक्षिणपूर्वी गाउँपालिका हो । यसको पूर्वमा मोरङ जिल्लाको विराटनगर महानगरपालिका रहेको छ । उत्तरमा सुनसरीकै दुहबी नगरपालिका र गढी गाउँपालिका रहेका छन् । पश्चिममा देवानगञ्ज गाउँपालिका रहेको छ । यस गाउँपालिकामा बालविवाह निक्कै गम्भीर समस्याका रुपमा देखिएको छ । बालविवाह गर्न पुगेका जोडीको वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप प्रताडित हुन पुगेका कैयौं उदाहरणहरू देखिएका छन् । यसबाट कालान्तरमा समाज विकास प्रक्रियामा महिलाको भूमिका र सहभागिता न्यून भई समतामूलक समाज निर्माण गर्न बाधा पुग्न जाने निश्चित छ । सानै उमेरमा विवाह गर्दा दाइजो कम दिनुपर्दछ भन्ने मान्यताले ग्रसित अभिभावकहरू सानै उमेरमा छोरीको विवाह गर्न

प्रेरित भइरहेका देखिन्छन् । कतिपय अवस्थामा सम्पत्तिको लोभमा बढी उमेरका पुरुषसँग कलिला बालिकाको विवाह गरिदिने प्रचलन पनि छ । यसले बालिकाको भविष्य अन्धकारतिर धकेलिने र कालान्तरमा महिला हिंसा र दुर्व्यवहारलाई बढवा दिने गर्दछ । भविष्यमा यस्तो अवस्था आउन नदिनका लागि बर्जु गाउँपालिले बालविवाह अन्त्य गर्ने उद्देश्यले यो रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको हो ।

बालविवाह अन्त्य गर्न गाउँपालिकाको रणनीति तयार गर्न दूरदृष्टि समाज नेपाल र विज्ञ टोलीलाई जिम्मा दियो । विज्ञ टोलीले तयार गरेको मस्यौदालाई गाउँपालिकाका अध्यक्ष श्री रघुनन्दन चौधरीको अध्यक्षतामा बसेको बर्जु गाउँ कार्यपालिकाका पदाधिकारीहरू, सदस्यहरू र साझेदार संस्था दूरदृष्टि समाज नेपाल, प्लान इन्टरनेशनल नेपालको सहयोगमा वृहत र चरणबद्ध छलफलपछि अन्तिम रुप दिइएको छ । यो रणनीति बर्जु गाउँ कार्यपालिकाको मिति २०७७/०९/१४ गतेको बैठकको निर्णयबाट लागू गरेको हो ।

**२. अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रतिबद्धता :**

संयुक्त राष्ट्रस.घले बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGS) को प्राप्तिका लागि बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGS,२०१६–२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ राखिएको छ । यसबाट बालविवाह नेपालको मात्र होइन विश्वव्यापी सवाल रहेको तर त्यसलाई अन्त्य गर्ने प्रतिबद्धताका साथ विश्व अगाडि बढेको प्रष्ट हुन्छ ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयको प्रस्ताव र यसपछि सोही बर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जबरजस्ती हुने विवाह विषयको प्रस्ताव पारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् । सोही अनुरुपमा नेपाल सरकारले पनि बालविवाह विरूद्धको रणनीति तयार गरी सन् २०३० सम्ममा बालविवाह मुक्त राष्ट्रको रुपमा अन्तर्राष्ट्रिय स्तरमा चिनिने लक्ष्य राखेको हो ।

नेपालले बालअधिकारसम्बन्धी महासन्धि, १९८९; महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि, १९७९ ; नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६; यातना विरुद्धको महासन्धि, १९८४; जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development,1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकार प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधीन आलेखहरू मार्फत विषेशतः बालअधिकार संरक्षणको क्षेत्रमा प्रतिवद्धता जाहेर गरेको छ ।

ती महासन्धि र प्रतिबद्धताहरू व्यवहारमा उतार्दै जानका लागि नेपालले सोही अनुसार नीति, कानुन र कार्ययोजना बनाई अगाडि बढिरहेको छ ।

**३. नेपालको संविधान र कानून :**

३.१ सविधान देशको मूल कानुन हो । नेपालमा वि.सं. २०७२ मा संविधानसभाको माध्यमबाट नयाँ संविधान जारी भएको छ । नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरी वालवालिकाको हक स्थापित गरेको छ । साथै, कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने, कुरा उल्लेख गरी त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । संवैधानिक रुपमा पनि बालविवाहलाई अपहरण, बन्धक र ओसारपसारको श्रेणीमा राखी बालिकामाथि हुने यस प्रकारका हिंसा अन्त्य गर्ने कुरा उल्लेख छ ।

३.२ मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा केटा र केटी दुवैको विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ । उक्त कानूनी व्यवस्थाको उल्लंघन गरेमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ ।

३.३ बालबालिका सम्बन्धी ऐन २०७५ को धारा ६६ (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य बालबालिका विरूद्धको कसूर भनी किटान गरिएको छ । यस ऐनमा बालविवाह गर्ने गराउने कार्य बालबालिकाविरुद्ध कसूर ठहरिने र सोही अनुसार कारवाही हुने व्यवस्था गरिएको छ ।

३.४ बालबिवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति -२०७२ मा सन् २०३० सम्ममा नेपाललाई बालविवाह मुक्त देशका रूपमा चिनाउने प्रतिबद्धता जाहेर गरिएको छ । यस रणनीतिको कार्यान्वयनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ । साथै, बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तरगत राष्ट्रिय र स्थानीय तहसम्म सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसर पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता गरिएको छ ।

३.५ वि.सं.२०७५ भदौ १ देखि ३ सम्म विराटनगरमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले आयोजना गरेको प्रदेश स्तरीय बालिका सम्मेलनको अन्त्यमा जारी घोषणापत्रमा सन् २०२५ सम्ममा प्रदेश नम्बर १ लाई बालविवाहमुक्त प्रदेश घोषणा गर्ने प्रतिबद्धता गर्दै हरेक वर्ष भदौ १ गतेलाई बालविवाह विरुद्धको दिवस मनाउने घोषणा गरिएको छ ।

३.६ बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९; विभिन्न अध्ययनले वालविवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ । दिगो विकासको लक्ष्य प्राप्तिको लागि बाधकको रुपमा रहेको बालविवाह अन्त्य गर्न जननिर्वाचित प्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू, समुदायस्तरका संघ/संस्थाहरू, बालसमूह, किशोरीसमूह, धार्मिक ब्यक्तित्वहरू तथा अन्य सरोकारवालाको भूमिका प्रमुख रहन्छ । ती संस्था तथा ब्यक्तिहरूको परिचालन, बालविवाह विरुद्धको उजुरीमा सक्रियता र कारवाही गर्ने व्यवस्थालाई चुस्त बनाउने हो भने विवाह तथा दाइजो प्रथा रोक्न सकिन्छ । यसका लागि अभिभावक, बालबालिका, समुदायस्तमा सचेतीकरण अभियानलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

३.७ चौधौं योजना (२०७३–२०७४/२०७५–२०७६) मा बालविवाह, चाँडो हुने विवाह र जबर्जस्ती हुने विवाह विरुद्धमा सामाजिक जागरया ल्याउन सचेतना मूलक कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिने रणनीतिका रूपमा उल्लेख छ। उक्त योजनाले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति कार्यान्वयन गर्ने कुरालाई प्रमुख कार्यक्रमका रूपमा लिएको छ।

३.८ किशोरकिशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०/०७१-२०७४/०७५) ले खासगरी सीमान्तकृत किशोरकिशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा, विभेद न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र वालविवाहमा परेका किशोरीहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ।

**४. रणनीतिको औचित्य :**

नेपालको कानुनले बालविवाहलाई दण्डनीय अपराध मानेता पनि यो प्रचलन अझै पनि पूर्णरूपमा हटेको छैन । बर्जु गाउँपालिकामा परम्परागत रुपमा चलिआएको बालविवाह अन्त्य गर्न र बालविवाह मुक्त गाउँपालिका घोषणा गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरूप अगाडि बढ्नका लागि यो रणनीति आवश्यक भएको हो ।

नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। साथै, बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, गरेमा कानून बमोजिम दण्डित हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ। यी कुराहरूलाई मध्यनजर गर्दै बर्जु गाउँपालिकाले सुरूदेखि नै बालविवाह न्यूनीकरणलाई प्राथमिक मुद्दाका रूपमा लिँदै आएको छ। आर्थिक वर्ष २०७५/०७६ को योजनामा पनि यस सवालमा नीति बनाई बजेट विनियोजन भइसकेको अवस्था छ।  चालु आर्थिक वर्षको जनसंख्या तथा सामाजिक विकास नीतिमा बालविवाह, बालश्रमशोषण, महिला हिँसा, दाइजोप्रथा आदिजस्ता समाजमा विद्यमान कुप्रथालाई समाजबाट पूर्ण रूपमा निर्मूल पार्न विभिन्न अभियान तथा सचेतना अभियान सञ्चालन गर्ने कुरा उल्लेख छ। सोही अनुसार बालविवाह अन्त्यका लागि 'हामी सानै छौं बढन देऊ, विवाह होइन पढ्न देऊ' भन्ने नारा सहित बालश्रम

शोषण र बालविवाह अन्त्य गर्ने अभियानका लागि बजेट विनियोजन गरेको अवस्था छ । माथि उल्लेखित कानुनी, नीतिगत र कार्यक्रमको आधारमा रणनीति बनाएर बालविवाह अन्त्यका लागि केन्द्रित कार्यक्रम अगाडि बढाउनु पर्ने भएकाले बालविवाह अन्त्यको लक्ष्यसहित रणनीति बनाई अगाडि बढ्न आवश्यक भएको हो ।

**५. रणनीतिका सिद्धान्तहरू :**

**५.१ समानताको अधिकार :** प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

**५.२ बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

**५.३ बालबचाउ र विकास** : प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

**५.४ बाल संरक्षण :** बालविवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने जस्ता हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

**५.५ अर्थपूर्ण सहभागिता :** बालबालिकासँग सरोकार राख्ने सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र विचार व्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तीकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता वृद्धि भएको छ ।

**५.६ राज्यको दायित्व :** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उलङ्घनको कारकतत्वको रुपमा रहेको बालविवाह रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने आवश्यकता रहेको छ ।

**६. रणनीतिको परिकल्पना र उद्देश्यहरू**

**६.१ परिकल्पना (Vision) :**

बालमैत्री एवं लैगिंक समतायुक्त समाज निर्माण गर्नु ।

**६.२ ध्येय (Mission) :**

बालविवाह प्रथा अन्त्य गरी बालअनुकुलको बातावरण निर्माण गर्ने ।

**६.३ लक्ष्य (Goal) :**

बर्जु गाउँपालिकामा वि.सं. २०८१ असार सम्ममा बालविवाह अन्त्य गर्ने ।

**६.४ उद्देश्यहरू (Objectives) :**

- बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाका आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्ने ।
- बालविवाह विरुद्धको अभियानमा बालक, किशोर, महिला र पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने ।
- बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच अन्त्य गर्ने कार्यक्रम ल्याउने ।
- बालविवाह अन्त्य गर्न ब्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ/संगठन लगायत सम्बद्ध सरोकारवालाको क्षमता विकास गरी परिचालन गर्ने ।
- जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगमा देखिएका कठिनाइ तथा चुनौतीहरूलाई सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने ।
- नेपाल सरकार तथा बिकासका साझेदार संस्थाहरूको सहकार्यलाई बलियो बनाउँदै बालविवाह अन्त्यका लागि सशक्त अभियान अगाडि बढाउन आवश्यक स्रोत पहिचान, विनियोजन र प्रभावकारी परिचालनका लागि संस्थागत क्षमता विकास गर्ने ।

**७. रणनीतिक कार्यदिशा :**

यो रणनीति प्रभावकारी रुपमा लागू गर्न केही कार्य प्रणालीहरू तय गरिएको छ । जसको माध्यमबाट बालविवाह अन्त्य गर्न सकिन्छ ।

**७.१ बालिकाका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने :** बालिका शिक्षामा लगानी तिनलाई पूर्ण क्षमतामा पुऱ्याउने सबैभन्दा प्रभावकारी उपाय हो । शिक्षित बालिका खासगरी माध्यमिक तह र सोभन्दा माथिको शिक्षा लिएकाहरूले ढिलो विवाह गर्ने र सानो एवम् स्वस्थ परिवारको चाहना राख्ने सम्भावना बढी हुन्छ ।

**७.२ पुरुषलाई संलग्न गराउने :** घरपरिवार, विद्यालय, समुदाय, कार्यस्थल र राष्ट्रियस्तरको राजनीतिमा पनि पुरुषको प्रभाव बढी छ । त्यसैले बालविवाह अन्त्यको अभियानमा पनि पुरुषलाई सहभागी गराउन सकियो भने समाजमा विद्यमान असमान गतिलाई "जीत-जीत" को प्रक्रियामार्फत बदल्न सकिन्छ । यसबाट महिला र पुरुष दुवैले सम्मानित महसुस गरी जिम्मेवार भई काम गर्ने अवस्था सिर्जना हुनजान्छ ।

**७.३ परिवार र समुदायलाई परिचालन :** बालविवाह तथा बालिकालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक मान्यता, परम्परा, सोच तथा व्यवहारलाई परिवर्तन गर्ने काममा परिवार र समुदाय नै संलग्न हुनुपर्दछ । यसका लागि युवा, बाबुआमा, शिक्षक, धार्मिक अगुवा, सरकारी अधिकारी, सामुदायिक अगुवा, महिला समूह, समुदायमा आधारित संघसंस्थाहरूको सक्रियता र भूमिका आवश्यक छ ।

**७.४ सेवा-प्रदान :** बालविवाहको बहुपक्षीय असर विद्यमान रहेको अवस्थामा विवाहित वा अविवाहित युवा ( केटी र केटा) लाई आवश्यक पर्ने सूचना तथा एकीकृत सेवाहरू पहुँचको सुनिश्चित हुनुपर्छ ।

**७.५ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन :** नेपालमा कानूनले बावुआमाको सहमतिमा होस वा आफुखुशी विवाह गर्न केटा र केटीको उमेर २० वर्ष हुनुपर्ने व्यवस्था गरिदिएको छ । बालविवाहलाई बालबालिका विरुद्धको कसूर भनी परिभाषित गरेको छ । बालविवाह गर्ने-गराउनेलाई जरिवाना र सजाय पनि तोकेको छ ।

**७.६ बालिकाको सशक्तीकरण :** बालिका सशक्तीकरणले आफ्नो जीवनसँग सम्बन्धित सबै विषयमा सुसूचित तथा सही निर्णय लिने क्षमता वृद्धि गरी उनीहरूको आत्मसम्मान बढाउँछ । बालविवाहको सन्दर्भमा बालिकाको सशक्तीकरणको महत्वपूर्ण भूमिका हुन्छ । यसले आफ्नो विवाहको बारेमा सचेतनतापूर्वक निर्णय गर्नेदेखि लिएर जबर्जस्ती गर्न लागिएको बालविवाह रोक्न पनि महत्वपूर्ण हुनेछ ।

**७.७ समुदायमा अधारित संरक्षण प्रणालीको सुदृढीकरण :** समुदायमा बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने ब्यक्ति वा संस्थाहरूको क्षमता विकास गरी संमुदायको सहभागितामा संगठित अभियानका साथ बालविवाह अन्त्य गरिनेछ ।

**७.८ रोकथाम तथा नियन्त्रणको कार्यदिशा :** औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारे बालविवाहको जोखिममा रहेका बालबालिका, तिनका आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी उनीहरको स्वनिर्णय क्षमता विकास गर्ने ।

**७.९ समन्वय :** बाल विवाह बहुपक्षीय चासो र सरेकारको सवाल भएकाले अन्तरसम्बन्धित विषयगत कार्यालय र साझेदार संस्थाहरूवीच समन्वय गरी बालविवाह विरूद्धको अभियान अगाडि बढाइनेछ ।

**८. बालविवाह अन्त्यका लागि रणनीतिहरू :**

बर्जु गाउँपालिकामा बालविवाह अन्त्यको अभियान सञ्चालन गर्नका लागि माथि उल्लेखित कार्यदिशा अनुरुप अगाडि बढ्न निम्न रणनीतिहरू अपनाइने छ ।

**८.१ बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा** : गुणस्तरीय शिक्षा मानव जीवनको आधार हो । यसले नै भविष्यमा अपनाइने पेशा, उसको आयस्तर र सामाजिक हैसियत निर्धारण गर्ने भएकाले गुणस्तरीय शिक्षामा बालिका र किशोरीहरूको पहुँच सुनिश्चित गर्नुपर्दछ । यसका लागि निम्न कुरामा ध्यान दिइनेछ ।

- विद्यालयहरूमा बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।
- विद्यालयबाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू जस्तै माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिता सुनिश्चितता गर्ने ।

- भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम दिने ।
- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालय व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासविरुद्ध सचेतना अभियान सञ्चालन गर्ने ।
- छात्रा र शिक्षिकाका लागि विद्यालयको वातावरण एवम् पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।
- बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने ।
- विवाहित बालिकाको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकता अनुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा र बालअधिकारका विषयहरू समावेश गर्ने ।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि र परिचालन गर्ने ।
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सूचना तथा सेवाबारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।

**८.२ बालक, किशोर तथा पुरुषहरूको सहभागिता :**

- बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिवृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

- सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्यसम्बन्धी नकारात्मक असरहरूको बारेमा जनमत सिर्जना गर्ने ।
- बालबालिकालाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।
- बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने तथा दाइजो, वैकल्या जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहित गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।
- बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउन यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू, ज्योतिषी, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता जुटाउने ।
- बालविवाहबाट सिर्जित लैङ्गिक हिंसा र दाइजो प्रथाविरुद्ध पुरुष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।

**८.३ परिवार र समुदायलाई परिचालन गर्ने :**

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत सामाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान सञ्चालन गर्ने ।
- असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता सम्वादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक सञ्जालहरूको माध्यमबाट धार्मिक व्यक्तित्वहरू, ज्योतिषी, पुरोहित, धामी झाँक्रीको विचार प्रवाह गरी बालविवाह विरुद्ध प्रचारप्रसार गर्ने ।

- छोरा र छोरीबीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहित गरी बालविवाह विरुद्ध **'बालविवाह मुक्त स्थानीय तह'** अभियान सञ्चालन गर्ने ।
- गुणस्तरीय शिक्षा र रोजगारीको माध्यमबाट बालबालिकाको सशक्तीकरण र क्षमतामा अभिवृद्धि गर्ने ।
- बालविवाह नगर्ने/ नगराउन विशेष भूमिका निर्वाह गर्ने व्यक्ति, परिवार र समुदाय पहिचान गरी सार्वजनिक रूपमा सम्मान गर्ने ।
- बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत प्रचार प्रसार गरी बालबिवाह विरुद्धको अभियान सशक्त बनाउने ।

**८.४ सेवा प्रवाह :**

- बालविवाहको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।
- किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी तथा सेवा (Adolescent Friendly Health Services), गर्भनिरोधक साधन, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचारसम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता परे तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र सिफारिस प्रणाली (Referral System) विकास गर्ने ।
- पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वा बिवाहित (विशेष गरी हिंसा, दुर्व्यवहार र बेचविखनमा परेका) बालिकालाई

जीवनोपयोगी सीप, आयआर्जनसम्बन्धी ज्ञानसीप र निःशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवा पाउने सुनिश्चितता गर्ने ।

- बालबिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडा नागरिक मञ्च, लैङ्गिक सशक्तीकरण तथा हिंसा निवारण जिल्ला समन्वय समिति, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- स्थानीय निकायमा बालविवाहसम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- विवाह भैसकेका बालिका, बालविधवा तथा बैकल्याहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागू गर्ने र प्रभावकारी कार्यक्रमका तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रबर्द्धन तथा विस्तार गर्ने ।
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरण सिर्जना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तीकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**८.५ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन :**

- बालविवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न राष्ट्रिय कानून तथा नीतिका आधारमा स्थानीय तहको नीतिमा पुनरावलोकन गरी समायोजन गर्ने ।
- बालविवाहसम्बन्धी विद्यमान कानून र त्यससँग सम्बन्धित अन्य कानूनहरू (जस्तैः सम्पत्तिको हक, लैङ्गिक हिंसा, पारपाचुके, विवाह बदर गर्ने, वैवाहिक बलात्कार, दाइजो र जन्मदर्ता, नागरिकता

आदि) बीच सामञ्जस्यता कायम गर्न र तिनमा भएका संशोधनहरूको आधारमा समय समयमा नीति, कार्यक्रम र कार्यविधिलाई संशोधन र परिमार्जन गर्ने ।

- बालविवाहसम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक समिति र अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय न्यायिक समिति, अर्धन्यायिक निकाय र पदाधिकारीहरूलाई बालविवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकता दिन प्रोत्साहन गर्ने ।
- विवाहको कानूनी उमेर, सोको उल्लंङ्घन गरेमा हुने सजाय तथा बालविवाह विरुद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्थासम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।
- कानूनी उपचार लिन चाहने बालबालिकाले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाइहरू पहिचान गरी कठिनाइ हटाउन पहल गर्ने ।
- बालविवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूको लागि आवश्यक कानूनी हक र उपचारमा पहुँच एवम् क्षतिपूर्ति सुनिश्चित गर्ने ।
- स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विषयमा आवश्यक नियम र कार्यविधि बनाई कामलाई प्रभावकारी बनाउने

**८.६.बालिकाको सशक्तीकरण**

- औपचारिक, वैकल्पिक/ दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारे परिवारका सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीप विकास गर्ने ।
- दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुँच बढाउने ।
- विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाका लागि सामाजिक तथा आर्थिक अवसरहरू सिर्जना गरी उनीहरूको पहुंच सुनिश्चित गर्ने ।

- सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने ।
- बालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न अभिभावकलाई सचेत बनाउने
- बालिकालाई भविष्यप्रति आशावादी बनाई असल र नेतृत्वदायी नागरिक बन्न आवश्यक तालिम, गोष्ठी गर्ने र  सचेतना अभियान चलाउने
- बालविवाहविरुद्ध सामूहिक पहलका लागि बालिका समूह वा किशोरी समूह वा सञ्जाल बनाई सामाजिक अभियानमा खासगरी बालविवाह, परम्पारगत हानिकारक प्रथा र लैङ्गिक हिंसाविरुद्ध सक्रिय हुन बालिका तथा किशोरीहरूलाई सङ्गठित र परिचालित गर्ने
- किशोरी सञ्जाललाई सामाजिक अभियानमा सहभागी बनाउने र बालविवाह विरूद्धको अभियानमा विशेष जिम्मेवारी सहित अगाडि बढ्न प्रोत्साहन र अवसर प्रदान गर्ने
- किशोरी समूहको अगुवाइमा बालविवाह, महिला तथा किशोरी हिंसा विरुद्ध कार्यक्रमहरू आयोजना गर्ने एवम् यस्ता अभियान असञ्चालन गर्न सक्षम बनाउने
- सार्वजनिक मञ्चहरूमा अनिवार्य रूपमा बालिका वा किशोरीको तर्फबाट विचार व्यक्त गर्ने वा अन्य महत्वपूर्ण भूमिका वा अवसर प्रदान गर्ने

**८.७ समुदायमा आधारित संरक्षण प्रणालीलाई सुदृढ बनाउने :**

- समुदाय स्तरसम्म बालविवाह सम्बन्धी सचेतना अभियान चलाउने
- कानुन कार्यान्वयनमा सुमदायलाई अग्रसर  हुन प्रेरित गर्ने तालिम, गोष्ठी, र्‍याली, सडक नाटक आदि अभियानका रूपमा चलाउने
- बालविवाहको जोखिम रहेका समुदाय पहिचान गरी अभियानहरूलाई त्यस समुदायको सहभागिता बढाउने
- बालविवाह विरुद्धको अभियानमा संलग्न हुनसक्ने जिम्मवार र सरोकारवाला निकाय पहिचान गरी कसको जिम्मेवारी के हुने भनी किटान गर्ने र आपसमा सहकार्य गर्न तत्पर बनाउने
- वडा स्तरीय बाल संरक्षण समिति बनाई समुदायिक संगठनहरूसँग आवद्ध गर्ने वा सहकार्यको वातावरण बनाउने

- बालविवाह कानुनी र सामाजिक अपराध दुवै हो भन्ने कुरा बुझाई त्यसलाई अन्त्य गर्नका लागि हरेक नागरिकलाई जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न प्रतिबद्ध गराउने
- समुदायको काममा विवाह, ब्रतबन्ध, मरिमराउ आदिमा सामजिक भावनाका साथ सहभागी हुने वातावरण बनाउने
- आमा समूह, महिला स्वयम सेविका, टोल विकास संस्था, बालक्लब आदिको संयुक्त बैठक गरी समुदायमा बालविवाह हुन लागेमा कसरी काम गर्ने भन्ने विषयमा सशक्तीकरण गर्ने र कार्यविधि बनाई लागू गर्ने
- विवाह गर्दा विवाहको निर्णय गर्नुअघि बाल संरक्षण समितिका पदाधिकारी, शिक्षक, जनप्रतिनिधि, महिला स्वयमसेविका आदिसँग सल्लाह गर्ने वा आवश्यक पर्दा वडा कार्यालयबाट सिफारिस लिने व्यवस्था मिलाउने

**८.८. रोकथामका उपायहरू :**

- परिवारभित्र छोरा र छोरीबीचमा भेदभाव नगर्ने, बालबालिकाप्रति बेवास्ता, हेलचेक्र्याई, भेदभाव (सौतेनी/सौतेलो छोराछोरीको हकमा पनि) नगर्ने ।
- बालबालिकालाई शिक्षाको अवसर दिने, नियमित विद्यालय पठाउने र उनीहरू नियमित विद्यालय गएका छन् कि छैनन्, पढाइको स्तर कस्तो छ इत्यादि भन्नेबारे बाबुआमा/अभिभावकले जानकारी लिइराख्ने तथा बेलाबेलामा उनीहरूको विद्यालय गएर बुझ्ने,
- जीवन उपयोगी ज्ञान तथा सीपसम्बन्धी दौतरी शिक्षाको व्यवस्था गर्ने
- बालक्लब तथा किशोरकिशोरीहरूको क्लब गठन, सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग र सहजीकरण,
- बालसंरक्षण संयन्त्र तथा संरचना निर्माण, प्रभावकारी सञ्चालन गर्ने (जस्तै नगर/गाउँ बालसंरक्षण समिति),
- बालबालिकाको समस्या तथा मुद्दाहरू सुनुवाइ गर्ने प्रभावकारी संयन्त्र तयार गर्ने, विद्यालयमा बालबालिकाको समस्या वा उजुरी सुनुवाइको लागि संयन्त्र तयार र सञ्चालन गर्ने (जस्तै : समितिको गठन, सम्पर्क शिक्षक, उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइ प्रक्रिया), र
- बालविवाह विरूद्धका चेतनामूलक अभियान सञ्चालन ।

### ८.९. कार्यान्वयन र समन्वय :

बालविवाहको अन्त्य गर्ने बर्जु गाउँपालिकाको रणनीति कार्यान्वयनमा जन निर्वाचित प्रतिनिधिहरू, राजनीतिक दलहरू, सामाजिक विकास इकाइ अन्तरगतका विषयगत निकायहरू, बाल अधिकार समिति, प्रहरी, विद्यालय, धर्मगुरू, बालक्लब तथा सञ्जालहरू, गैससहरूको भूमिका नेतृत्वदायी हुनेछ । स्थानीय तहमा बालमैत्री स्थानीय शासन समिति तथा बालसंरक्षण समितिले बालविवाहलाई रोक्न र अन्त्य गर्ने अभियानको अगुवाइ गर्नेछन् । बालविवाह अन्त्यको अभियानलाई अगाडि बढाउन विभिन्न निकायहरूको भूमिकाको आवश्यकता महशुस गरिएकोछ । सरोकारवालाहरू र तिनीहरूबाट अपेक्षा गरिने भूमिका तल लेखिएको छ ।

## ९.बालविवाह विरुद्धका सरोकारवालाहरू र तिनको भूमिका

### ९.१ गाउँपालिकाको भूमिका :

- बालविवाहविरुद्धका कार्यक्रमहरूलाई स्थानीय वालमैत्री शासन कार्यक्रममा एकीकरण गरी स्थानीय बालमैत्री शासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने ।
- स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने ।
- बालविवाहलाई दर्ता नगर्ने र गरे तुरुन्त कारवाही गर्न सिफारिस गर्ने ।
- सबै सरोकारवालाहरूलाई बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरुद्ध लाग्न प्रेरित गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह हुने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विशेष सचेतीकरण तथा नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सूचकको आधारमा बालविवाह मुक्त टोल, वडा तथा गाउँपालिका घोषणा गर्ने ।
- विवाह रोक्न धार्मिक गुरूहरूलाई भेला गरी बालाविवाहका बारेमा जानकारी गराउने र बालविवाहको कसूर गरेवापत हुने दण्ड र जरिवानाबारे बुझाउने ।
- बालविवाहमा केन्द्रित भई सचेतीकरण कार्यक्रमहरू सञ्चालन गर्ने र गराउने ।
- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरुद्ध नीति कार्यक्रम तथा बजेट गाउँ कार्यपालिकाबाट पारित गर्ने ।

- बालबालिकाबारे तथ्याङ्कसँगै बालविवाहसम्बन्धी तथ्याङ्क पनि अध्यावधिक गर्ने ।
- गाउँपालिकाको सूचना बोर्डमा बालविवाह विरुद्धको सुचनाहरू टाँस्ने व्यवस्था मिलाउने ।
- विद्यालय, समुदाय र गाउँपालिका स्तरीय बालक्लब र बालक्ल सञ्जाल गठन गर्ने ।
- बालअधिकारका बाँच्न पाउने, विकास, संरक्षण र सहभागिताका चारवटै विषय उठान गर्ने ।
- विद्यालयको पाठ्यक्रममा बालविवाह र दाइजो प्रथा समावेश गर्न लगाउने ।
- बालविवाह विरुद्ध सन्देशमूलक होर्डिंग बोर्ड, सडक नाटक भित्तेपत्रिका, भित्ते लेखन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह, जबर्जस्ती विवाह र दाइजोप्रथा जस्ता सामाजिक कुरीति र कुसंस्कारलाई सामाजिक बहिस्कारको विषय बनाउने ।
- बालविवाहका घट्ना रोकिदा पीडितलाई सघाउनुपर्ने अवस्थाका लागि आवश्यक बजेट व्यवस्था गर्ने ।
- बालविवाह र उमेर नपुगी विवाह गर्नेलाई सेवा सुविधाबाट बञ्चित गर्ने /गराउने ।
- प्रजनन शिक्षा र किशोरी शिक्षामा बालविवाहको विषय जोड दिने ।
- मानव बेचविखन विरुद्धको अभियान सञ्चालन गर्ने ।
- 'हामी सानै छौं बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ' भन्ने नाराका साथ र्‍याली, गोष्ठी, सडकनाटक आदि गरी सचेतना अभियान सञ्चालन गर्ने

**९. २. स्वास्थ्य इकाइको भूमिका :**

- स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्मकहरू समावेश गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाहको विरुद्धको विषय किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गर्ने ।
- किशोर तथा किशोरीहरूलाई प्रजनन् स्वास्थ्यको बारेका सचेतीकरण गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई सुदृढ बनाउने ।

**९. ३. शिक्षा इकाइ तथा विद्यालयको भूमिका :**

- बालविवाह विरुद्धका कार्यक्रमहरू विद्यालय एवं जोखिममा रहेका समुदायसम्म पुऱ्याउने ।
- बालविवाह, उमेर नपुगी विवाह भई जोखिममा परेकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा किशोरीमैत्री शौचालय र ब्यवहारको लागि विद्यालयमा सचेतीकरण गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह, जबर्जस्ती विवाह तथा दाइजो प्रथा कानूनी अपराधको हो भन्ने कुरा बुझाउने ।
- विद्यालयमा बालक्लब तथा किशोरी समूह गठन गर्ने ।
- विद्यालय सुधार योजनामा बालसंरक्षणका विषयलाई उठान गर्ने र कार्यान्वयन गर्ने ।
- विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा बालविवाह विरुद्धको सचेतीकण कार्यक्रमलाई समावेश गराउने ।
- विद्यालय स्तरको पाठ्यक्रममा बालविवाह, उमेर नपुगी विवाह र दाइजो प्रथाको विषय समेट्नुपर्ने ।
- मुख्य सम्पर्क व्यक्तिको ब्यवस्था गर्ने र यस विषयमा विशेष ध्यान केन्द्रित गर्न लगाउने ।
- वार्षिक कार्ययोजनामा सेवा क्षेत्रभित्रको अवस्था विश्लेषण गरी दाइजो र बालविवाह न्यूनीकरणका लागि कार्यक्रम समावेश गर्ने ।
- बालविवाह सम्बन्धमा भएका कानूनी ब्यवस्था र बालविवाह र उमेर नपुगी गरिएको विवाहको नकारात्मक असरका बारेमा सरोकारवालाबीचमा बहस सञ्चालन गर्ने ।
- बालक्लबका सदस्यहरूले कक्षामा शिक्षक नआएको बेला बालविवाहबारे छलफल चलाउने ।
- बालविवाह हुनेजोखिममा रहेका बालबालिकाका अभिभावक भेला गरी बालविवाहको हानीबारे जानकारी दिने/ सचेतना गराउने
- बालविवाहको जोखिमबाट बच्ने रक्षात्मक उपायहरूका बारेमा छात्रछात्रालाई जानकारी गराउने, वादविवाद प्रतियोगिता वा वक्तृत्वकला प्रतियोगितामा यो विषय समावेश गर्ने

### ९. ४. महिला तथा बालबालिका इकाइको भूमिका :

- यस रणनीतिको आधारमा स्थानीय कार्ययोजना तयार गर्ने ।

- वार्षिक कार्यक्रममा बाल विवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाहलाई प्रथमिकताकासाथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।
- बालबिवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।
- बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र पर्याप्त बजेट विनियोजनको व्यवस्थापन गर्ने ।
- बालविवाह बढी हुने समुदाय र  क्षेत्र पहिचान गरी त्यस क्षेत्रको अनुगमन गर्ने र सचेतनामूलक कार्यक्रम बनाई लागू गर्ने

**९. ५. प्रहरी कार्यालयको भूमिका :**

- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह रोकथाम वा निषेध गर्ने ।
- बालविवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानूनी कारवाही अगाडि बढाउने ।
- बालविवाह, बोक्सी प्रथा, दाइजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न आफू अन्तर्गतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
- विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतीकरण अभियान सञ्चालन गर्ने ।
- बालविवाह गर्ने/ गराउनेलाई लक्षित गरी मोबाइलमार्फत समूह एसएमएस पठाउने व्यवस्था गर्ने
- गाउँपालिका, विद्यालय, वडा कार्यालय, सरकारी कार्यालय र सार्वजनिक स्थलहरूमा बालविवाहबाट हुने नकारात्मक असरहरूका बारेमा जानकारीमूलक पर्चा, पोस्टर र होर्डिङ राख्ने वा वितरण गर्ने व्यवस्था मिलाउने
- फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालहरूमार्फत बालविवाह विरुद्ध व्यापक प्रचारप्रसार गर्ने
- बर्जु गाउँपालिकामा चल्ने सवारी साधनमा बालविवाह विरुद्ध सन्देश भएको स्टीकर टाँस्न लगाउने

**९. ६.राजनीतिक दलको भूमिका :**

- बालविवाह गैरकानूनी हो भन्ने कुरा कार्यकर्ता तथा सदस्यलाई प्रशिक्षित गर्ने ।
- केटा वा केटीको २० वर्ष उमेर नपुगी विवाह गर्न सल्लाह नदिने, बालविवाह गरेमा दण्ड सजाय हुने जानकारी दिने ।

- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह गर्ने दलको सदस्यलाई आन्तरिक कारवाहीको व्यवस्था गर्ने ।
- बालविवाहविरुद्ध सार्वजनिक प्रतिबद्धता जनाउने ।
- बालविवाहबाट हुने कानूनी सजाय तथा सामाजिक र शारीरिक हानीबारे विषय राखी प्रशिक्षण दिने /जनचेतना फैलाउने ।
- बालविवाह भइरहेको थाहा पाउना साथ प्रहरीलाई खबर गर्ने र सामाजका महिला र बालबालिकाको भेला गरी बालविवाहका हानीहरूबारे जानकारी गराउने
- महिला र पुरुषको समविकासको निम्ति अभियान चलाउने ।

## ९.७. संघ/संस्थाको भूमिका :

- बालक्लब गठन र सहजीकरण गर्ने ।
- स्थानीय तहमा बालबालिकाको लागि योजना तर्जुमामा सहयोग गर्ने ।
- बालसंरक्षण समितिलाई सचेतनामूलक अभियान सञ्चालन गर्न मद्दत गर्ने ।
- अभिभावक, परिवार र समुदायलाई चेतनामूलक कार्यक्रम गर्न सहयोग गर्ने ।
- वडास्तरमा परामर्शदाताको व्यवस्था गर्ने ।
- बालविवाह गर्ने वा गराउनेलाई खबरदारी गर्न बालविवाह न्यूनीकरण समिति गठन गर्ने ।
- प्रहरी, प्रशासन, संघ/सस्था विद्यालय, शिक्षक, अभिभावक, बालक्लब, बालसंरक्षण समिति महिला, स्वास्थ्य स्वयम्सेविका, वडा कार्यालय, जनप्रतिनिधि लगायतसँग समन्वय र सहकार्य गर्ने ।
- युवा क्लबहरूलाई बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह अन्त्यको लागि अभियान चलाउन सहयोग गर्ने ।
- साथी शिक्षालाई बालविवाह अन्त्यका लागि प्रचार प्रसार गर्न लगाउने ।
- बालबालिकालाई आफैबाट बालविवाहलाई नाई भनौं भनी अगाडि बढ्ने अभियान चलाउने ।
- दाइजो प्रथा, हिंसा, बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह, बेचविखन, यौन दुर्व्यवहार रोक्नका लागि नीति तथा रणनीतिक योजना तर्जुमा गर्न वडास्तरमा गर्न पहल गर्ने ।

- बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने ।

## ९. ८. बाल संरक्षण समितिको भूमिका :

- प्रमुख मुद्दा बनाएर अभियानको अगुवाइ गर्ने ।
- गाउँपालिका, वडा समिति र सामाजिक संघ संस्था, प्रहरी र बालक्लबसँग अभियानको विषयमा समन्वय र सहकार्य गर्ने ।
- बालविवाह सम्बन्धी उजुरी आएमा बैठक बसी आवश्यक कारवाही अगाडि बढाउने ।
- वडा स्तरीय बाल संरक्षण समिति गठन गरी अन्य मुद्दाका साथै बालविवाहको विषयमा समुदाय स्तरमा सचेतीकरण अभियान चलाउने ।
- समुदायस्तरमा दाइजो प्रथा, हिंसा, बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह बालश्रम, बेचविखन, बाल यौन दुर्व्यवहार रोक्नका लागि नीति तथा रणनीति तर्जुमा गर्न सहयोग गर्ने ।
- विद्यालय स्तरको मुख्य सम्पर्क व्यक्तिसँग छलफल र अन्तरक्रिया गरी समस्याको गम्भीरता बुझ्ने र बुझाउने ।
- बालविवाह हुन लागेको अवस्थामा त्यसलाई रोक्न प्रहरी, बालमैत्री स्थानीय शासन समिति र सरोकारवालासँग बसी योजना बनाउने ।
- बालविवाहका पीडित बालिकालाई राख्न सुरक्षित गृहको व्यवस्था गरी राख्ने प्रबन्ध मिलाउने ।
- गाउँपालिकालाई बालविवाह न्यूनीकरण र अन्त्यका लागि रणनीति, कार्यक्रम र कार्ययोजना बनाउन घचघच्याउने र आवश्यक बजेट विनियोजन गर्न सघाउने
- बालविवाह हुने लागेको वा भागी विवाह गर्न लागेको अवस्थामा तिनीहरूलाई मनोसामाजिक परामर्शको विधिबाट सम्झाउने

## ९. ९. बालक्लब तथा किशोरी सञ्जालको भूमिका :

- आफ्नो विवाह रोक्न साथीहरूलाई प्रोत्साहन गर्ने ।

- बर्जु गाउँपालिकाभित्र बालविवाह हुने जोखिम अवस्थाको पहिचान गर्ने ।
- वार्षिक योजना तथा कार्यक्रममा बालविवाह अन्त्यका लागि कार्यक्रम समावेश गर्ने ।
- बालविवाह अन्त्यका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।
- दौंतरी शिक्षाको माध्यमबाट साथीहरूबीच बालविवाहको प्रभावबारे खुलेर छलफल गर्ने ।
- गाउँ टोलस्तरमा बालबालिकाहरू भेला गरी सचेतीकरण कार्यक्रमहरू सञ्चालन गर्ने ।
- परिवारका सदस्यहरूलाई बालविवाहका प्रभावबारे जानकारी गराउने ।
- बालविवाह हुन लागेको वा भएको थाहा पाएमा तुरुन्त रोक्ने वा प्रहरीको नं. १०० वा बाल हेल्पलाइनको निःशुल्क नं. १०९८ मा फोन गर्ने ।
- बालविवाहको जोखिममा रहेका बालबालिकालाई छात्रवृत्ति दिई गुणस्तरीय शिक्षातर्फ प्रोत्साहित गर्ने
- प्रत्येक वर्ष भदौ १ गतेलाई बालविवाह विरूद्ध दिवसका रूपमा भव्यतापूर्वक मनाउने

## ९.१०. धार्मिक गुरू तथा पुरोहितको भूमिका :

- बालविवाहविरुद्धमा आवाज उठाउने धर्मगुरूहरूको वडागत समिति गठन गर्ने ।
- बालअधिकार र वालविवाहको जनचेतना कार्यक्रम गर्ने ।
- विवाह गर्नु वा गराउनुअघि घरमुलीसँग उमेर सोधेर २० वर्ष कटेको सुनिश्चित भएपछि मात्र विवाह गर्न अनुमति वा सल्लाह दिने ।
- घरमुलीलाई बालविवाह हुने अवस्था देखिएमा कानूनी दण्ड सजायबारे जानकारी दिने ।
- पूजा पाठ आदि गर्न समुदायमा जाँदा वालविवाहबारे सचेतना गर्न सहयोग गर्ने ।
- बालविवाहबाट हुने सामाजिक र शारीरिक हानीबारे जनचेतना फैलाउने ।
- धार्मिक सत्सँग र प्रवचनहरूमा बालविवाह गैरकानूनी हो भन्ने कुरा अनुयायीहरू र सर्वसाधारणलाई बताउने ।
- योग शिविर सञ्चालन गरी योग तथा प्राणायममार्फत बालबालिकाको शारीरिक र मानसिक विकास र परिपक्वताको अवस्थाका बारेमा जानकारी दिने

## ९. ११. आमा समूह र स्वास्थ्यकर्मीहरूको भूमिका :

- गाउँपालिका तथा वार्ड स्तरीय स्वास्थ्य समन्वय समिति गठन गर्न माग गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह अन्त्यका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरूद्ध सञ्चालित अभियानहरूमा सक्रिय सहभागी हुने ।
- अतिविपन्न, दलित, पछाडिपरेको समुदाय तथा मुस्लिम समुदायमा सडकनाटक सञ्चालन गरी बालविवाहबाट बालिकाको स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावबारे समुदायमा सचेतना अभिवृद्धि गर्ने ।

**१०. अनुगमन तथा मूल्याङ्कन :**

बालमैत्री स्थानीय शासन समितिले बालविवाह विरुद्धमा आफ्नो पालिकास्तरमा चलेका हरेक अभियानको अनुगमन र मूल्याङ्कन गर्नेछ । यस्ता अभियानका लागि बजेट विनियोजन गर्नेदेखि लिएर आवश्यक पर्दा पीडितका लागि सुरक्षित आवासको प्रबन्ध मिलाउनुपर्ने भएकाले बालमैत्री स्थानीय शासन समितिले आवश्यक पर्दा कार्यपालिकाको बैठकमा यो विषयलाई प्रवेश गराई छलफल गर्ने तथा यस सम्बन्धमा बर्जु गाउँपालिकाभित्र भएका कामको अनुगमन र मूल्याङ्कन गर्नेछ ।

आज्ञाले

नवराज कार्की

प्रमुख प्रशासकिय अधिकृत